प्रदेश सरकार
प्रदेश नं.२
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७६।०८।०८*

**कार्यान्वयन हुने स्थान : पर्सा र बारा** **सूचना नं. ०१।२०७६-२०७७**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्साको आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशस्तरीय युवालक्षित व्यावसायिक पशुपक्षी पालन कार्यान्वयन कार्यविधि २०७५ मा उल्लेख भएबमोजिम साझेदारीमा युवाहरूलाई व्यावसायिक गाई/भैंसी/बाख्रा पालनसम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक बारा र पर्सा जिल्लाका १८ देखि ५० वर्ष उमेर समूहका अर्धबेरोजगार/बेरोजगार युवाहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० दिन (२०७६।०९।०७ गते)भित्र तोकिएको ढाँचा अनुसारको प्रस्तावना कार्यालय समयभित्र दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावनाहरू छनोटको लागि समावेश हुन नसक्ने बेहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। निवेदन साथ रु १००।- को राजस्व नगदी रसिद अनिवार्य संलग्न गर्नुपर्नेछ। प्रस्तावित कार्यक्रम तपसीलमा उल्लेख छ।

तपसील

| क्र.स. | कार्यक्रमको नाम | इकाइ | परिमाण | अनुदान रकम प्रतिफार्म | प्रस्तावकको साझेदारी रकम प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | युवालक्षित व्यावसायिक गाई, भैंसी प्रवर्द्धन कार्यक्रम | | | | |
| १.१ | साना व्यावसायिक गाई, भैंसी फार्म | सङ्ख्या | ३८ | २ लाख | ३० प्रतिशत |
| १.२ | मझौलास्तरका व्यावसायिक गाई, भैंसी फार्म | सङ्ख्या | १६ | ३ लाख | ३० प्रतिशत |
| १.३ | ठूला व्यावसायिक गाई, भैंसी फार्म | सङ्ख्या | ४ | ४ लाख | ३० प्रतिशत |
| २ | युवालक्षित व्यावसायिक प्रवर्द्धन कार्यक्रम | | | | |
| २.१ | निजी व्यावसायिक बाख्रापालन फार्म | सङ्ख्या | ३१ | २ लाख | ३० प्रतिशत |
| २.२ | समूह/समितिमा सञ्चालन हुने व्यावसायिक बाख्रापालन फार्म | सङ्ख्या | १० | ३ लाख | ३० प्रतिशत |
| २.३ | सहकारीमा सञ्चालन हुने व्यावसायिक बाख्रापालन फार्म | सङ्ख्या | २ | ४ लाख | ३० प्रतिशत |

**नोट**: कार्यालयतर्फको रकमको १ देखि ५ प्रतिशत आवश्यकता अनुसार प्रस्ताव छनोट, फिल्ड भेरिफिकेशन र अनुगमन खर्चबापत कन्टिजेन्सी कट्टा गरिनेछ।

**प्रस्तावनापत्रका साथ सम्मिलित हुनुपर्ने कागजातहरू :-**

१ अनुसूची २ अनुसारको आवेदन फाराम
२ अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३ अनुसूची ४ अनुसारको लागत प्रतिबद्धता पत्र
४ अनुसूची ५ अनुसारको स्थानीय तहको सिफारिशपत्र
५ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
६ व्यावसायिक फार्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
७ स्थायी लेखा नम्बरको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
८ वैदेशिक रोजगारबाट फर्केको हकमा भिसा, राहदानीको प्रमाणित प्रतिलिपि
९ अन्य प्रमाणित प्रमाणपत्र (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदिका प्रतिलिपिहरू)
१० विस्तृत जानकारी तथा कार्यविधिको लागि मन्त्रालयको वेबसाइट www.molmac.p2.gov.np मा लगइन गरी हेर्नुहोला।

Scanned by CamScanner

पनि दिइएको छैन । प्रतिक्रिया दिए । रासस

प्रदेश सरकार

प्रदेश नं.२

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सा

# पशुपक्षीजन्य व्यवसाय प्रवर्द्धनका लागि प्रस्ताव आह्वानको सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७६।०८।०८*

यस भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र पर्साको आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्न लिखित सङ्ख्या तथा रकमको लागत साझेदारीमा पशुपक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक पर्सा र बाराका स्थानीय तह (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका) सहकारी संस्था, व्यावसायिक सङ्घ/सङ्गठन, फर्म, कम्पनी, निजी उद्यमी, व्यावसायिक कृषक समूह/समितिहरूले यो सूचना प्रकाशित भएको मितिले २१औं दिन (मिति २०७६।०८।२९ गते)भित्र कार्यालय समयभित्र विज्ञ केन्द्र पर्सामा प्रस्तावना दर्ता हुने गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावनाहरू छनोटका लागि समावेश हुन नसक्ने बेहोरासमेत जानकारी गराइन्छ। साथै गत वर्ष यस कार्यक्रममा समावेश भएकाहरूको आवेदन समावेश नगरिने बेहोरासमेत जानकारी गराइन्छ।

## तपसील

| कार्यक्रमको नाम | कार्यालयको तर्फबाट प्रतियुनिट अधिकतम लगानी रकम रु | कार्यक्रम सञ्चालन गरिने जिल्ला र सङ्ख्या | कैफियत |
|---|---|---|---|
| | | बारा र पर्सा | |
| मासुपसलहरूको पूर्वाधार स्तरोन्नति | २ लाख सम्म | २० | |

नोटः कार्यालयतर्फको रकमको १ देखि ५ प्रतिशत आवश्यकता अनुसार प्रस्ताव छनोट, फिल्ड भेरिफिकेशन र अनुगमन खर्चबापत कन्टिजेन्सी कट्टा गरिनेछ।

**प्रस्तावनापत्रका साथ सम्मिलित हुनुपर्ने कागजातहरूः**

१ प्रस्तावना फाराम रु ३०० नगदी राजस्व तिरी विज्ञ केन्द्र पर्साबाट खरीद गर्न सकिन्छ।

२ आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।

३ कार्यालयको तोकेको ढाँचामा तयार गरिएको प्राविधिक र आर्थिक कार्ययोजना।

४ सम्बन्धित स्थानीय तहको सिफारिशपत्र र व्यवसाय दर्ता पत्र संलग्न गर्नुपर्ने।

५ कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपि।

६ लिजमा लिएको जग्गाको हकमा करारनामा वा सम्झौतापत्र।

७ प्रचलित कानूनबमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नवीकरण गरेको प्रमाणित प्रतिलिपि।

८ सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/कृषक समूह/समितिको हकमा मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कार्यसमितिको निर्णय।

९ कार्यक्रम कार्यान्वयन वर्षअघिको लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रमाणित प्रतिलिपि।

१० प्रस्तावकले कम्तीमा २५ प्रतिशत लागत साझेदारी गर्ने र अन्य निकायबाट अनुदान लिए/नलिएको प्रतिबद्धता पत्र।

११ प्रस्तावना अनुसारको प्राविधिक डिजाइन तथा लागत अनुमान पत्र।

विस्तृत जानकारी तथा कार्यविधिको लागि मन्त्रालयको वेबसाइट www.molmac.p2.gov.np मा लगइन गरी हेर्नुहोला।

Scanned by CamScanner